# मायादेवी गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

पकडी,कपिलवस्तु
लुम्बिनी प्रदेश,नेपाल

प.सं. २०८१/०८२
च.नं.

**करार सेवामा कर्मचारी पदपूर्ति गर्ने सम्बन्धी सूचना**

**(प्रथम पटक प्रकाशन मिति: २०८१/०४/१०)**

मायादेवी गाउँ कार्यपालिकाको मिति २०८१/०३/२० गते तथा पदपूर्ति समितिको २०८१/०४/०३ गतेको निर्णयानुसार यस पालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरूमा रिक्त रहेका स्वीकृत दरबन्दीहरूमा स्थायी कर्मचारी पदपुर्ति नभए सम्मको लागि करार सेवा बाट कर्मचारी पदपूर्ति गर्नुपर्ने आवश्यक भएको हुँदा तपसिल बमोजिमका रिक्त पदहरूमा योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरूले यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिन भित्र कार्यालय समयमा राजश्व तिरेको रसिद सहित यस कार्यालयमा दरखास्त पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। साथै दरखास्त फाराम यस कार्यालयबाट वा यस कार्यालयको वेबसाईट **www.mayadevimunkapilvastu.gov.np** मा गई डाउनलोड गर्न सकिनेछ। म्याद नाघी दरखास्त प्राप्त हुन आएमा सो दरखास्त उपर कुनै कारवाही हुने छैन।

**तपसिलः-**

| विज्ञापन नं. | विज्ञापन गरिएको पद | तह | सेवा/समुह | माग संख्या | दरखास्त दस्तुर रू. | कैफियत |
|---|---|---|---|---|---|---|
| ११/०८१/०८२ | हेल्थ असिस्टेन्ट | सहायक पाँचौ | स्वास्थ्य/हे.ई. | १(एक) | ७००/- | स्वीकृत दरवन्दी अनुसार |
| १२/०८१/०८२ | अ.न.मी. | सहायक चौथो | स्वास्थ्य/कम्युनिटी नर्सिंग | १(एक) | ५००/- | स्वीकृत दरवन्दी अनुसार |
| १३/०८१/०८२ | अ.हे.व. | सहायक चौथो | स्वास्थ्य/हे.ई. | १(एक) | ५००/- | स्वीकृत दरवन्दी अनुसार |

**१.आवश्यक न्यूनतम शैक्षिक योग्यता:**

- **हेल्थ असिस्टेन्टको हकमा:**
  नेपाल सरकारद्वारा मान्यता प्राप्त शिक्षण संस्थाबाट H.A.कोर्ष उर्तिण गरी सम्बन्धित परिषदमा दर्ता भएको प्रमाण- पत्रको प्रमाणित प्रतिलिपि हुनुपर्ने,
- **अ.न.मी.को हकमा:**
  नेपाल सरकारद्वारा मान्यता प्राप्त शिक्षण संस्थाबाट अ.न.मी.कोर्ष उर्तिण गरी सम्बन्धित परिषदमा दर्ता भएको प्रमाण- पत्रको प्रमाणित प्रतिलिपि हुनुपर्ने,
- **अ.हे.व.को हकमा:**
  नेपाल सरकारद्वारा मान्यता प्राप्त शिक्षण संस्थाबाट अ.हे.व.कोर्ष उर्तिण गरी सम्बन्धित परिषदमा दर्ता भएको प्रमाण- पत्रको प्रमाणित प्रतिलिपि हुनुपर्ने,

**२. उमेर हद:** दरखास्त दिने अन्तिम मितिमा १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको हुनुपर्ने।

**३. दरखास्त दिने स्थान:** मायादेवी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, पकडी, कपिलवस्तु।

**४. दरखास्त दिने अन्तिम मिति:** २०८१/०४/२४ गते, यदि उक्त दिन सार्वजनिक विदा परेको खण्डमा विदाको भोलिपल्ट कार्यालय समय भित्र।

**५. छनौटको किसिम:** मायादेवी गाउँपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७४ बमोजिम हुनेछ।

**६. आवेदन साथ संलग्न कागजातहरुः** आवेदक स्वयमले प्रमाणित गरेको देहाय बमोजिम कागजातहरुको प्रतिलिपिहरु,



प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

# मायादेवी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

मायादेवी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पकडी, कपिलवस्तु
लुम्बिनी प्रदेश, नेपाल

पकडी,कपिलवस्तु
लुम्बिनी प्रदेश,नेपाल

प.सं. २०८१/०८२
च.नं.

- ✓ नागरिकता,
- ✓ कम्तीमा न्युनतम योग्यताको लाब्धांक प्रमाणपत्र,
- ✓ चारित्रिक प्रमाणपत्र,
- ✓ अनुभव भए अनुभव सम्बन्धी आवश्यक कागजातहरु,
- ✓ २ प्रति पासपोर्ट आकारको फोटो,
- ✓ नेपाल बाहिरा अध्यन्न गरेको खण्डमा समकक्षता प्रमाणपत्र अनिवार्य पेश गर्नुपर्ने छ,
- ✓ नेपाल सरकारको प्रचलित कानून बमोजिम नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय नपाएको भन्ने व्यहोराको स्वघोषणा पत्र पेश गर्नुपर्ने छ,
- ✓ विवाहित महिला भए पतिको स्थाई ठेगाना खुल्ने आवश्यक कागजात,

**७. तलब भत्ता तथा अन्य सुविधाः** नेपाल सरकारको नियमानुसार उपलब्ध गराईनेछ।
**८. काम गर्नुपर्ने स्थानः** मायादेवी गाउँपालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरूमा।

२०८१/०४/१०

(युवराज परियार)
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

वेवसाइटः www.mayadevimunkapilvastu.gov.np ईमेल:mayadevirm@gmail.com

Scanned with CamScanner